# आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

लुम्बिनी प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

२०८२

**प्रदेश सभा बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री**

**धनेन्द्र कार्कीद्वारा प्रस्तुत**

# आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
२०८२ असार १

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७ बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस सम्मानित प्रदेश सभामा आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने महान शहीदप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। संघर्षको क्रममा घाइते, अपाङ्गता भएका व्यक्ति, बेपत्ता नागरिक लगायत सबै जनसमुदायप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. विकास र समृद्धिप्रति नागरिकको चाहनालाई सम्बोधन गर्ने एवम् सीमान्तकृत तथा पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँच पुऱ्याउनेतर्फ बजेट तथा कार्यक्रम केन्द्रित गरेको छु।

४. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत प्रदेश अर्थतन्त्रलाई सुदृढ बनाउँदै उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरणमार्फत समाजवाद उन्मुख अर्थतन्त्रको माध्यमद्वारा समृद्ध प्रदेश निर्माणका लागि सघाउ पुग्नेगरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु।

५. "कृषि, उद्योग, पर्यटन र पूर्वाधार: समृद्ध लुम्बिनीका मुख्य आधार" सहितको दोस्रो आवधिक योजना लुम्बिनी प्रदेश सरकारले स्वीकृत गरेको छ। आवधिक

योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्ति र नागरिकको जीवनमा परिवर्तन अनुभूति हुनेगरी बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशको आर्थिक स्थिति र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

६. राष्ट्रिय रूपमै आर्थिक क्रियाकलापहरु विस्तार हुँदा यसको सकारात्मक असर प्रदेशको अर्थतन्त्रमा समेत देखिन थालेको छ। आर्थिक क्रियाकलापमा बढोत्तरी भएसँगै चालु आर्थिक वर्षमा मुलुकको आर्थिक वृद्धि ४.६ प्रतिशत हुने अनुमान रहँदा प्रदेशको आर्थिक वृद्धि ४.७ प्रतिशत हुने अनुमान रहेको छ। गत आर्थिक वर्ष प्रदेशको आर्थिक वृद्धि ३.९४ प्रतिशत रहेको थियो।

७. चालु आर्थिक वर्ष प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु.८ खर्ब ६९ अर्ब हुने अनुमान रहेको छ। राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १४.२३ प्रतिशत रहने अनुमान छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको ३१.०२ प्रतिशत रहने छ। लुम्बिनी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन गत आर्थिक वर्ष अमेरिकी डलर ११६७ रहेकोमा चालु आर्थिक वर्ष १२०१ पुग्ने अनुमान गरिएको छ।

८. आर्थिक वर्ष २०७५/७६ मा प्रदेशको बहुआयामिक गरिबीको दर ३१.२ प्रतिशत रहेकोमा घटेर १८.२ प्रतिशत रहेको छ। बेरोजगारीको दर ११ प्रतिशतबाट घटेर ८ प्रतिशतमा सीमित भएको छ।

९. विद्युतमा पहुँच पुगेको जनसङ्ख्या ९८.५ प्रतिशत पुगेको छ भने इन्टरनेटमा पहुँच भएको घरपरिवार ७६ प्रतिशत पुगेको छ।

१०. पछिल्ला सात आर्थिक वर्षको कुल बजेटमा पुँजीगत विनियोजनको औसत अंश ६० प्रतिशत भन्दा बढी रहेको छ भने पुँजीगत खर्चको हिस्सा विनियोजित बजेटको ६८ प्रतिशत भन्दा बढी रहेको छ।

११. चालु आर्थिक वर्षको जेठ २५ सम्मको अवधिमा प्रदेशको आन्तरिक राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५० प्रतिशतले वृद्धि भई रु.४ अर्ब ५९ करोड ४५ लाख पुगेको छ।

१२. चालु आर्थिक वर्षको जेठ २५ सम्म प्रदेश सञ्चितकोषमा प्राप्त कुल आय रु.२७ अर्ब ४० करोड ४४ लाख पुगेको छ। नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान रु.७ अर्ब ६० करोड ३६ लाख, सशर्त अनुदान रु.३ अर्ब ३३ करोड १५ लाख, विशेष अनुदान रु.७४ करोड ४६ लाख र समपूरक अनुदान रु.७९ करोड ५० लाख प्राप्त भएको छ। नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाडँफाँटबाट रु.९ अर्ब ३३ करोड ४५ लाख, रोयल्टी बाडँफाँटबाट रु.१९ करोड ७८ लाख र प्रदेश सरकारको आन्तरिक राजस्व रु.४ अर्ब ५९ करोड ४५ लाख प्राप्त भएको छ।

१३. चालु आर्थिक वर्षको जेठ २५ सम्म रु.२१ अर्ब ५४ करोड ७४ लाख खर्च भएको छ। यो विनियोजित बजेटको ५५.२९ प्रतिशत हो। पुँजीगततर्फ रु.१३ अर्ब ७३ करोड ७ लाख र चालुतर्फ रु.७ अर्ब ८१ करोड ६७ लाख खर्च भएको छ। स्थानीय तहको लागि वित्तीय हस्तान्तरण मार्फत रु.१ अर्ब ९६ करोड ३२ लाख निकासा भएको छ, जुन यस शीर्षकमा भएको विनियोजनको ६२.५ प्रतिशत हो।

१४. चालु आर्थिक वर्षमा आर्थिक, सामाजिक एवम् पूर्वाधारसँग सम्बन्धित परिसूचक र तथ्याङ्क समावेश भएको लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण सम्मानित सभा समक्ष पेश गरिसकेको छु।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशको अर्थतन्त्रसँग सम्बन्धित प्रमुख चुनौतीहरू राख्ने अनुमति चाहन्छु।

१५. प्रदेशमा गरिबीको रेखामुनिको जनसङ्ख्या अझै उच्च रहेको छ। प्रदेशको मानव विकास सूचाङ्क राष्ट्रिय औसत भन्दा कम रहेको छ। स्वास्थ्य र पोषणसँग सम्बन्धित सूचकहरू समेत कमजोर रहेका छन्।

१६. कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न सकिएको छैन। यस क्षेत्रमा युवाको आकर्षण बढ्न सकेको छैन। रोजगारीका लागि विदेश जाने प्रवृत्ति बढेको छ भने प्रदेशमा निर्माण र उद्योग क्षेत्रमा आवश्यक जनशक्तिको अभाव देखिएको छ।

१७. पूर्वाधार क्षेत्रमा गरिने लगानीलाई आर्थिक क्रियाकलाप विस्तार र उत्पादन वृद्धिमा योगदान पुग्ने गरी प्रत्यक्ष रुपमा जोड्न सकिएको छैन। प्रदेशको स्थिर पुँजी निर्माणमा निजी क्षेत्रलाई आकर्षित गर्ने चुनौती रहेको छ।

१८. विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा अपेक्षित रुपमा सुधार हुन नसक्दा निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण हुने गरेको छ।

१९. बजेटमा चालु खर्च हिस्सा बढ्दै जाँदा पुँजीगत विनियोजनमा दबाब बढ्दै गएको छ। सीमित कराधारका कारण प्रदेशको वित्तीय स्रोत व्यवस्थापनमा अपेक्षित सुधार हुन सकेको छैन।

२०. निर्णय प्रकृयाको लामो शृङ्खला, दक्ष जनशक्तिको कमी र कमजोर अन्तरनिकाय समन्वयका कारण प्रदेशको सार्वजनिक सेवा प्रवाहमा अपेक्षित सुधार हुन सकेको छैन।

**माननीय सभामुख महोदय,**

२१. माथि उल्लिखित चुनौतिलाई आत्मसात गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानीमार्फत आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्धिको आधार तयार गर्नेतर्फ जोड दिएको छु। सीमित वित्तीय स्रोतलाई प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गरी निजी क्षेत्रको पुँजी र प्रविधि आकर्षित गर्दै प्रदेश अर्थतन्त्रको

विस्तार र आर्थिक अवसर सिर्जना गर्न सघाउ पुग्ने गरी बजेट तर्जुमा गरेको छु।

२२. प्राथमिकता प्राप्त र नतिजामूलक आयोजना कार्यान्वयनलाई उच्च महत्व दिएको छु। चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्ने तथा विनियोजन कुशलता र कार्यान्वयन दक्षता अभिवृद्धि गर्ने उद्देश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु। राजस्व प्रणालीमा सुधार गर्न प्रस्ताव गरिएका नीति तथा कार्यक्रमले राजस्व परिचालन वृद्धि हुने विश्वास लिएको छु।

२३. नवप्रवर्तन र उद्यमशीलता प्रवर्धन गरी स्वरोजगार बन्न प्रोत्साहित गर्ने व्यवस्था मिलाएको छु। नीतिगत, प्रणालीगत तथा प्रक्रियागत सुधारमार्फत प्रदेश अर्थतन्त्रलाई गतिशील बनाउन प्रदेश सरकार प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छु।

२४. नेपालको संविधान, नेपाल सरकारको सोह्रौं योजना, लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना, यस गरिमामय प्रदेश सभाबाट पारित भएको लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता छलफलका क्रममा माननीय सदस्यहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु। राजनीतिक दल, निजी क्षेत्र, विद्वत वर्ग, संघसंस्था एवम् सञ्चार क्षेत्र लगायत नागरिकतहबाट प्राप्त सुझावलाई समेत बजेट तर्जुमाको आधार बनाएको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

बजेटका उद्देश्य देहायबमोजिम रहेका छन्ः

(क) उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने,

(ख) उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्ने

(ग) स्वस्थ र दक्ष मानव पुँजीको निर्माण गर्ने,

(घ) लगानीमैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको लगानी वृद्धि गर्ने,

(ङ) स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्ने, र

(च) गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्धन गर्ने ।

माथि उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका प्राथमिकता निर्धारण गरेको छुः

(क) कृषि, उद्योग र पर्यटन क्षेत्रको विकास,

(ख) गुणस्तरीय पूर्वाधार निर्माण,

(ग) शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,

(घ) उद्यमशीलता विकास र उत्पादनशील रोजगारी,

(ङ) सेवा प्रवाह, सुशासन तथा समावेशी विकास,

(च) सार्वजनिक वित्त प्रणालीमा सुधार, र

(छ) वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष स्थानीय तहको लागि वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा स्थानीय तहका लागि वित्तीय समानीकरण अनुदान रु.९५ करोड हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

२६. पूर्वाधार आयोजना कार्यान्वयनका लागि स्थानीय तहलाई समपूरक अनुदान रु.९८ करोड २० लाख विनियोजन गरेको छु। सामाजिक विकास सम्बन्धी कार्य गर्न विशेष अनुदान रु.१५ करोड विनियोजन गरेको छु। स्थानीय तहमा जाने सशर्त अनुदानको लागि रु.१ अर्ब ३४ करोड १७ लाख विनियोजन गरेको छु। सशर्त, समपूरक र विशेष अनुदानको रकम कार्यसम्पादनका आधारमा हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

२७. राजस्व बाँडफाँटबाट स्थानीय तहमा रु.१ अर्ब ३० करोड हस्तान्तरण हुने अनुमान गरिएको छ। अनुदान र राजस्व बाँडफाँट गरी स्थानीय तहमा आगामी आर्थिक वर्ष रु.४ अर्ब ७२ करोड हस्तान्तरण हुने अनुमान छ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण**

२८. कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। पोषणयुक्त खाद्य वस्तुको उत्पादन र उपभोग प्रवर्धन गरिनेछ।

२९. कृषि उत्पादनलाई पूर्ण प्राङ्गारिक उत्पादनमा रुपान्तरण गरी आगामी एक दशकमा लुम्बिनी प्रदेशलाई पूर्ण प्राङ्गारिक प्रदेश बनाउने अभियान अन्तर्गत पहिलो चरणमा रुकुम (पूर्व), रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पा जिल्लाबाट विशेष अभियान सुरु गर्ने व्यवस्था मिलाएको छु। यस कार्यको लागि रु.२ करोड विनियोजन गरेको छु।

३०. बर्दिया जिल्लामा घिउपुरी; दाङ जिल्लामा तिलकी र अनदि; कपिलवस्तु जिल्लामा कालानमक; गुल्मी जिल्लामा हंशराज समेतका धानबाली एवम् रुकुम (पूर्व) र रोल्पामा चिनो र कागुनो; प्युठान, रोल्पा, अर्घाखाँची र गुल्मीमा कोदो र फापर; दाङ र बर्दिया जिल्लामा थारूआलु; प्युठान जिल्लामा रातोमुला जस्ता रैथाने बालीको संरक्षण, सूचीकरण र प्रवर्धन गर्ने कार्यका लागि बजेट विनियोजन गरेको छु।

३१. हुलाकी मार्ग लक्षित मासु र दुग्धजन्य उत्पादन वृद्धि गर्न भैंसीपालन प्रवर्धन कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

३२. "घरदैलोमा प्राविधिक सेवा, व्यावसायिक कृषिजन्य उत्पादनमा टेवा" भन्ने मान्यतालाई आत्मसात् गर्दै कम्तीमा १ हजार ५ सय व्यावसायिक कृषकको फर्ममै पुगी घुम्ती सेवा, पशु स्वास्थ्य सेवा, प्राविधिक परामर्श तथा उपचार विशेषज्ञ सेवा उपलब्ध गराउन रु.१ करोड १७ लाख विनियोजन गरेको छु।

३३. बाली वस्तु विशेष सघन उत्पादन क्षेत्र विकास कार्यक्रम अन्तर्गत रुपन्देही, कपिवस्तु र दाङ जिल्लाको ११० हेक्टरमा तोरी र कपिवस्तु जिल्लाको १५० हेक्टरमा धान खेती प्रवर्धनका लागि बजेट विनियोजन गरेको छु।

३४. गुल्मी र अर्घाखाँची जिल्लालाई खोरेत मुक्त बनाउने अभियान सम्पन्न गर्न सात लाख पशुमा भ्याक्सिनेशन गर्न रु.७ करोड विनियोजन गरेको छु। आगामी आर्थिक वर्षमा पाल्पा, प्युठान रोल्पा र रुकुम (पूर्व) जिल्लामा खोरेत मुक्त अभियान सुरु गर्न आवश्यक रकम छुट्याएको छु। माछा पोखरीमा प्रयोग हुने विद्युत महशुलमा अनुदान दिने व्यवस्थालाई कायमै राखेको छु।

३५. उच्च मूल्यका तरकारी, फलफूल, उँखु, मौरी, पुष्प, च्याउ, कफी लगायतका उत्पादन र उत्पादकत्व वृद्धिका लागि कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु। त्यसैगरी व्यावसायिक बाख्रा, बंगुर, भैंसी पालनलाई प्रवर्धन गर्दै कृषि/पशुपन्छी विकास कार्यक्रम सञ्चालनका लागि रु.१५ करोड विनियोजन गरेको छु।

३६. गुणस्तरीय बीउ, बिरूवा, नश्ल तथा मत्स्य भुरा उत्पादनका लागि कृषक, कृषक समूह तथा सहकारीलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालनका लागि रु.३ करोड विनियोजन गरेको छु।

३७. कपिलवस्तुमा बागवानी स्रोत केन्द्र स्थापना गर्ने र अर्घाखाँचीस्थित बाख्रा स्रोत केन्द्रको क्षेत्र विस्तार गर्ने व्यवस्था मिलाएको छु।

३८. कृषि तथा पशुपन्छी व्यवसायीहरूको वित्तीय पहुँच सुनिश्चित गर्न शुलभ कर्जाको ब्याजमा अनुदान कार्यक्रमका लागि रु.२१ करोड व्यवस्था गरेको छु।

३९. रैथाने एवम् स्थानीय कृषि वस्तुहरूको लेबलिङ, प्याकेजिङ तथा बजारीकरण गरी मूल्य श्रृङ्खला विकास गर्दै रोजगारी सिर्जना गर्न आवश्यक रकम व्यवस्था गरेको छु।

४०. सहकारी संस्थाहरूको नियमन र अनुगमन प्रभावकारी बनाइनेछ। सहकारीको माध्यमबाट उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी स्वरोजगारको अवसर सिर्जना हुने कार्यक्रमका लागि रु.२ करोड विनियोजन गरेको छु।

४१. स्थानीय तहको समन्वयमा प्रदेश भू-उपयोग योजना तर्जुमा गरी क्रमशः कार्यान्वयन गर्दै लैजाने व्यवस्था मिलाएको छु।

४२. व्यावसायिक करार खेती तथा बाँझो जमिनमा खेती गर्ने कार्यलाई प्रोत्साहित गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

४३. कृषि क्षेत्रमा महिलाको सम्मानजनक सहभागिता सुनिश्चित गर्दै सीमान्तकृत, मुक्त कमैया, कम्लहरी, भूमिहीन विपन्न घरपरिवारलाई आयआर्जन तथा स्वरोजगार लक्षित कार्यक्रमका लागि रु.१ करोड विनियोजन गरेको छु।

४४. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रत्येक जिल्लामा कम्तिमा एक/एक वटा सिंचाइ आयोजना सहितको एकीकृत कृषि सिंचाइ कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेशभर साना सिंचाइ कार्यक्रम र सिञ्चितक्षेत्र लक्षित बाली सघनता वृद्धि कार्यक्रमका लागि रु.७ करोड रकम विनियोजन गरेको छु।

४५. स्थानीय तहको सहकार्यमा छाडा गाईवस्तु व्यवस्थापन तथा गौशाला सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

४६. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको लागि रु.१ अर्ब ५० करोड विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

**उद्योग तथा वाणिज्य**

४७. स्वदेशमा नै रोजगारी सिर्जना गर्न उद्यमशीलता विकास, विशेष सीपमूलक तालिम तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। स्टार्ट-अप ईको सिस्टमलाई संस्थागत गर्दै नवप्रवर्तन सहितको पुँजीमा पहुँच र उद्यमशीलता प्रवर्धनमा जोड दिएको छु। साथै, जेन् जी पुस्ता केन्द्रित

उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रकम छुट्याएको छु।

४८. युवाहरूलाई रोजगारीको अवसर दिलाउन तथा स्वरोजगार बनाउन परीक्षण सहितको सीप विकास र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न रु. ४ करोड ६५ लाख विनियोजन गरेको छु।

४९. "क्रेता र बिक्रेताको सम्बन्धको आधार; उचित मूल्य, गुणस्तरीय वस्तु, विश्वासको व्यापार" भन्ने अभिप्रायका साथ उद्योगी व्यवसायीको सम्मान र उपभोक्ता अधिकारको संरक्षण गर्दै सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

५०. उपभोग्य वस्तुको सहज र सरल आपूर्तिको लागि लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम (पूर्व)मा सुपथ मूल्य पसल सञ्चालन गर्न बजेट व्यवस्था मिलाएको छु।

५१. स्थानीय घरेलु मदिराको उत्पादन, ब्राण्डिङ, बजारीकरण तथा बिक्रीका लागि कानुनी प्रबन्ध मिलाइनेछ।

## पर्यटन प्रवर्धन तथा सम्पदा संरक्षण

५२. बाँकेको बागेश्वरी, दाङको छिल्लीकोट, बर्दियाको ठाकुरबाबा, प्युठानको स्वर्गद्वारी, अर्घाखाँचीको पाणिनी र सुपादेउराली, गुल्मीको रुरु-रेसुङ्गा, पाल्पाको रानी महल, रुपन्देहीको जितगढी तथा नुवाकोटगढी, नवलपरासी (बर्दघाट सुस्ता

पश्चिम) को बाबा बर्दगोरिया र पाल्ही भगवती, रोल्पाको जलजला, कपिलवस्तुको जगदीशपुर ताल एवम् शिवगढी तथा रुकुम (पूर्वी भाग) को मैकोट लगायतका महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलको संरक्षण गरी पर्यटन प्रवर्धन गर्न बजेट विनियोजन गरेको छु।

५३. प्राचीन स्मारक तथा पुरातात्विक एवम् साँस्कृतिक सम्पदा, धार्मिक सम्पदा, पर्यटकीय तथा पर्यावरणीय स्थलको संरक्षण र प्रवर्धन गर्ने उद्देश्य अनुरूप डिजिटल अभिलेखीकरण गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न आवश्यक रकम छुट्याएको छु।

५४. प्रदेशभित्रका सबै जातजाति, भाषाभाषी, धर्मावलम्बी एवम् सम्प्रदायको मौलिक सँस्कृतिको संरक्षण तथा प्रवर्धन गरी साँस्कृतिक ग्रामको रूपमा विकास गर्न आवश्यक व्यवस्था मिलाएको छु।

५५. रुरु क्षेत्रको पर्यटन प्रवर्धन तथा विकासका लागि गुरुयोजना बमोजिमका कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ। शालग्राम र कालीगण्डकी नदीको महिमालाई प्रवर्धन गर्न उत्तर गण्डकी महास्नान तथा मेला आयोजना गर्ने कार्यमा सहयोग पुऱ्याउन बजेट छुट्याएको छु।

५६. स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक सँस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्धन गरी होमस्टे सञ्चालन गर्ने कार्यमा सहयोग पुऱ्याउन बजेट विनियोजन गरेको छु।

५७. प्रदेशभित्रका सबै मौलिक भाषा, भेषभुषा, धर्म, संस्कार, संस्कृति, कला, साहित्य, सङ्गीत लगायतका विषयहरु संरक्षण, प्रवर्धन र पुस्तान्तरण गर्न लुम्बिनी प्रज्ञा प्रतिष्ठान गठन प्रक्रियालाई अगाडि बढाइनेछ।

५८. संस्कृतिको पुस्तान्तरण तथा प्राकृतिक जीवनशैलीको अनुशरण गर्न "ब्याक टु नेचर र ब्याक टु कल्चर" कार्यक्रमलाई निरन्तरता दिएको छु।

५९. गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा प्रदेश सरकारको अपनत्व एवम् सहभागिता बढाउन तथा अन्तर्राष्ट्रिय स्तरमा यसको प्रवर्धन गर्न लुम्बिनी विकास कोष, सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गरी लुम्बिनी विकास प्राधिकरणको गठन प्रक्रिया अगाडि बढाइनेछ।

६०. "लुम्बिनीमा पाइला टेक" भन्ने नारालाई सफल बनाउन लुम्बिनी बौद्ध अन्तर्राष्ट्रिय शिखर सम्मेलन आयोजना गर्न बजेट छुट्याएको छु।

६१. मध्यपहाडी लोकमार्गको प्रमुख स्थल रुकुमकोटलाई **हिमालयन पर्यटन हब**को प्रस्थान विन्दुको रुपमा विकास गरी रन्मामैकोट-सुनदह-पुथा बेसक्याम्प, गुप्तदह-सिस्नेगाँउ-सिस्ने हिमाल बेसक्याम्प र पातिहाल्ने-चौरीलेक पदमार्ग निर्माण तथा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

६२. रोल्पाको थवाङ-जलजला पर्यटकीय पदमार्गको स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरेको छु। कोईलाबास-धारापानी-स्वर्गद्वारी तीर्थमार्ग निर्माण गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु।

६३. पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण र विकासमा सार्वजनिक लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको सहकार्यमा "तराईमा रमाउने, पहाडमा घमाउने र हिमाल चढाउने" कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

६४. बर्दिया राष्ट्रिय निकुञ्जमा भ्रमण गर्ने पर्यटकलाई लक्षित गरी ठाकुरबाबाको हात्तिसारमा पर्यटकीय जलाशय निर्माणको सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरेको छु।

६५. धार्मिक तथा पर्यटकीय स्थलहरूको प्रचार प्रसार, संरक्षण एवम् प्रवर्धन समेतलाई सहयोग पुग्ने गरी महत्वपूर्ण पर्यटकीय स्थलमा प्रदेश मन्त्रिपरिषद्को बैठक सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

६६. निजीक्षेत्रको सहकार्यमा प्राकृतिक, साँस्कृतिक, कृषि, खेलकुद, साहसिक र आरोग्य पर्यटन प्रवर्धनका कार्यक्रमहरु सञ्चालन गर्न रु.५ करोड विनियोजन गरेको छु।

६७. ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास, संरक्षण र प्रवर्धनका लागि रु.८० करोड विनियोजन गरेको छु।

## यातायात सेवा

६८. "मोबाईल हातमा: यातायात सेवा साथमा" भन्ने नारालाई सार्थक बनाउने गरी सवारी धनी एवम् चालकका लागि दिनुपर्ने सूचना र सवारी साधनको विवरण अनलाइन पद्धतिबाट प्राप्त हुने व्यवस्था मिलाउन आवश्यक बजेट छुट्याएको छु।

६९. यातायात सेवाका सबै अभिलेखलाई विद्युतीय प्रणालीमा रूपान्तरण गर्दै जाने व्यवस्था मिलाएको छु। प्रदेश यातायात कार्यालयहरूबाट समेत सवारी चालक अनुमति पत्र छपाइ गर्ने व्यवस्था मिलाउन रु.१ करोड ५० लाख विनियोजन गरेको छु।

## श्रम तथा रोजगार

७०. प्रदेश समृद्धिमा "नागरिकको योगदान, महिनाको एक दिन श्रमदान" भन्ने उक्तिलाई आत्मसात गर्दै श्रमको सम्मान गर्ने सँस्कृति विकासका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

७१. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप परीक्षण गरी स्वरोजगार बन्न प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिएको छु। वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह, न्यायमा पहुँच तथा वित्तीय साक्षरता प्रदान गर्दै सहजकर्ता तथा आप्रवासी श्रमिकको क्षमता अभिवृद्धि गर्न रु.२ करोड व्यवस्था गरेको छु।

७२. उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको लागि रु.१ अर्ब ९० करोड विनियोजन गरेको छु

**माननीय सभामुख महोदय,**

**गुणस्तरीय शिक्षा**

७३. गुणस्तरीय र आधारभूत शिक्षा प्राप्त गर्ने बालबालिकाको हक सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध गरेको छु। सीपमूलक र प्राविधिक शिक्षा विस्तार गरी रोजगारीका अवसर सिर्जना गरिनेछ। उच्च शिक्षालाई अनुसन्धानमूलक, नवप्रवर्तनमुखी र व्यावसायिक बनाउँदै लैजाने व्यवस्था मिलाएको छु।

७४. शिक्षामा लक्षित वर्ग र समुदायको पहुँच बढाउन छात्रवृत्ति लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न रु.७ करोड ५० लाख विनियोजन गरेको छु।

७५. "मेरो विद्यालय, मेरो दायित्व" अभियानलाई सबै विद्यालयमा विस्तार गर्दै लैजाने व्यवस्था मिलाएको छु। सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि शैक्षिक जागरण, प्रतिभा पहिचान, शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम र सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न रु.५ करोड विनियोजन गरेको छु।

७६. विज्ञान, प्रविधि, ईन्जिनियरिङ र गणित (स्टेम) शिक्षालाई विस्तार गर्दै लगिनेछ। उच्च शिक्षामा अनुसन्धान, वैज्ञानिक सोच र नवप्रवर्तनलाई प्रोत्साहन गर्दै अनुसन्धान वृत्ति कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गरेको छु।

७७. "पढ्दै, सिक्दै, कमाउँदै र शिक्षासँगै सीप पनि" भन्ने नारालाई सार्थक तुल्याउन नवप्रवर्तनात्मक सीपमूलक तालिम तथा इन्टर्नसिपमा सहभागी गराउँदै उद्यमशीलता उन्मुख गराउने तथा स्वयंसेवकको रूपमा परिचालन गराउन रु.५ करोड ५० लाख विनियोजन गरेको छु ।

७८. प्रदेश गौरवको आयोजनाको रूपमा रहेको लुम्बिनी प्राविधिक विश्वविद्यालयको भौतिक तथा अन्य संरचना विकास गरी प्राविधिक शिक्षाको उत्कृष्ट केन्द्रको रूपमा विकास गर्न रु.११ करोड छुट्याएको छु।

७९. स्थानीय तहसँगको समन्वय र सहकार्यमा गरिबीको सघनता भएका स्थान लक्षित सीपमूलक तालिम, आय आर्जन र रोजगारीका विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

८०. अवकाशप्राप्त प्राध्यापक तथा शिक्षकको ज्ञान, सीप र अनुभवलाई शैक्षिक उन्नयनमा उपयोग गर्ने व्यवस्था मिलाउनुको साथै गणित र विज्ञान विषयको नतिजा सुधारका लागि शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

८१. राप्ती प्राविधिक शिक्षालयको भौतिक पूर्वाधार निर्माणका लागि रु.६ करोड विनियोजन गरेको छु।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः**

८२. "लुम्बिनीका महिला, उद्यमशीलतामा पहिला" अभियानका लागि स्थानीय तहसँगको सहकार्यमा महिला उद्यमशीलता विकास सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

८३. बालबालिकामाथि हुने दुर्व्यवहार, हिंसा, शोषण र भेदभाव एवम् बालश्रमको अन्त्य गरी बालमैत्री प्रदेश निर्माण गर्न र बालविवाह अन्त्यका लागि विशेष अभियान सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

८४. महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, कम्लहरी, सुकुम्बासी, दलित, बादी, गन्धर्व, चमार, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत, पिछडा वर्ग, विपन्न र जोखिममा रहेका समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण एवम् आय आर्जनका कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

८५. "ज्येष्ठ नागरिक समाजका अमूल्य निधि" भन्ने मान्यतालाई आत्मसात गरी ज्येष्ठ नागरिकको आत्मसम्मान अभिवृद्धि र ज्ञान, सीप तथा अनुभवको पुस्तान्तरण विद्यालय तहसम्म विस्तार गर्न आवश्यक व्यवस्था मिलाएको छु।

८६. गैरसरकारी संस्थासँगको सहकार्यमा लुम्बिनी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

८७. दाङको घोराहीमा लैङ्गिक हिंसापीडित र प्रभावितहरूका लागि प्रदेशस्तरीय पुर्नस्थापना केन्द्र निर्माण गर्न रु.२ करोड विनियोजन गरेको छु।

८८. सामाजिक विकास मन्त्रालयको लागि रु.३ अर्ब ६१ करोड विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

**भरपर्दो स्वास्थ्य सेवा**

८९. आधारभूत र आकस्मिक स्वास्थ्य सेवालाई सुलभ र गुणस्तरीय बनाइनेछ। स्वास्थ्य संस्थामा अत्यावश्यक औषधि, उपकरण र जनशक्ति आपूर्तिको व्यवस्था मिलाइनेछ। निःशुल्क वितरण गरिने औषधिका लागि रु.३ करोड र उपकरणका लागि रु.१२ करोड बजेट विनियोजन गरेको छु।

९०. उच्च मातृ तथा नवजात शिशु मृत्युदरलाई कम गर्न "सुरक्षित मातृत्व अभियान" अन्तर्गत निःशुल्क पूर्व प्रसुतीदेखि उत्तर प्रसुती सेवा प्याकेज, दुर्गम स्थानमा निःशुल्क हवाइ उद्धार सेवा कार्यक्रमका लागि रु १० करोड विनियोजन गरेको छु।

९१. "मानसिक स्वास्थ्यमा सुधार; स्वस्थ जीवनको आधार" भन्ने नाराका साथ बढ्दो मानसिक स्वास्थ्यको समस्या तथा आत्महत्याको रोकथाम र उपचारको लागि नागरिक आरोग्य कार्यक्रम, जीवनशैली परिवर्तन, योग शिविर सञ्चालन र

मनोसामाजिक परामर्श लगायतका कार्यक्रमका लागि रु. २ करोड विनियोजन गरेको छु।

९२. मुटुको भल्भ प्रत्यारोपण, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारमा प्रति व्यक्ति दुई लाख रूपैयाँको सहुलियतलाई निरन्तरता दिएको छु। यसको लागि रु.१० करोड विनियोजन गरेको छु। आँखाको नानीको निःशुल्क प्रत्यारोपण र डाईलाइसिस सेवा विस्तारका लागि बजेट विनियोजन गरेको छु। निःशुल्क रक्तसञ्चार सेवालाई निरन्तरता दिएको छु।

९३. राप्ती प्रादेशिक अस्पतालको क्षमता विकास गरी दुई सय शैय्यामा स्तरोन्नति गर्न रु.५ करोड विनियोजन गरेको छु। प्रदेश राजधानीस्थित भालुवाङ अस्पतालमा विशेषज्ञ सेवा तथा चौबिसै घण्टा आकस्मिक सेवा सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु।

९४. सिकलसेल एनिमिया, थालासेमिया र हेमोफिलिया रोगको सचेतना र स्क्रिनिङ्गको लागि आवश्यक रकम छुट्याएको छु।

९५. पचास शैय्यामा सञ्चालनमा रहेका अर्घाखाँची अस्पताल सन्धिखर्क, भिम अस्पताल भैरहवा र बर्दिया अस्पतालको भवन निर्माणका लागि बजेट विनियोजन गरेको छु।

९६. निर्माणाधीन स्वास्थ्य कार्यालय प्युठान, रुकुम (पूर्व) अस्पताल, ट्रमा सेण्टर, लमहीको लागि रु.८ करोड विनियोजन गरेको छु। साथै, प्रदेशस्तरीय सरुवा रोग अस्पताल, कपिलवस्तुको लागि आवश्यक रकम व्यवस्था गरेको छु।

९७. पोषणका सूचकहरू राष्ट्रिय औसतभन्दा कमजोर भएका कपिलवस्तु, बाँके, बर्दिया, रुपन्देही र दाङमा पोषण विशेष कार्यक्रम सञ्चालनका लागि रु.८ करोड व्यवस्था गरेको छु। महिला तथा बालबालिकाको स्वास्थ्य तथा पोषणको निरन्तर निगरानीका लागि सामुदायिक स्वास्थ्य कार्यक्रममा डिजिटल स्वास्थ्य सूचना प्रणाली सञ्चालनका लागि बजेट विनियोजन गरेको छु।

९८. दुर्गम तथा बिरामीको चाप रहेको स्थानमा विशेषज्ञ एवम् शल्यक्रिया सेवा सहितको स्वास्थ्य शिविर कार्यक्रमका लागि रकम विनियोजन गरेको छु।

९९. प्रादेशिक आयुर्वेद चिकित्सालय, बिजौरीमा विशेषज्ञ सेवा र लुम्बिनी आयुर्वेद चिकित्सालय, बुटवललाई विशेषज्ञ चिकित्सालयको रुपमा स्तरोन्नति गर्न रु.३ करोड विनियोजन गरेको छु।

१००. मलेरिया, डेंगी, कालाजार, कुष्ठरोग लगायत उष्ण प्रदेशीय उपेक्षित रोगहरू तथा क्षयरोग, हेपाटाइटिस र एच.आई.भी. एड्सको समयमै व्यवस्थापन तथा केशमा आधारित सर्भिलेन्सलाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्रोतको प्रबन्ध गरेको छु। प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रलाई चौबिसै घण्टा सञ्चालनमा ल्याउन आवश्यक ब्यवस्था मिलाएको छु।

१०१. मधुमेह, उच्च रक्तचाप, क्यान्सर जस्ता नसर्ने रोग न्यूनीकरण तथा रोकथाम र स्वास्थ्य प्रवर्धनका लागि रु.४ करोड विनियोजन गरेको छु।

१०२. प्रदेश गौरवको आयोजनाको रूपमा रहेको लुम्बिनी प्रादेशिक अस्पताल निर्माणको लागि रु.१ अर्ब विनियोजन गरेको छु।

१०३. स्वास्थ्य मन्त्रालयको लागि रु.४ अर्ब ९५ करोड विनियोजन गरेको छु।

## युवा तथा खेलकुद

१०४. "स्वास्थ्यका लागि खेलकुद" कार्यक्रममार्फत खेलकुदमा युवाको सहभागिता बढाइनेछ। नेपाल सरकार र स्थानीय तहको सहभागिता एवम् सहलगानीमा खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नति गर्ने व्यवस्था मिलाएको छु।

१०५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशको गरिमा र प्रतिष्ठा बढाउने गरी प्रतिस्पर्धी खेलाडी तयार गर्न प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। पदक प्राप्त गर्ने प्रतिभाशाली खेलाडीलाई थप प्रोत्साहन र हौसला प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१०६. युवामा आशा र सचेतना जगाउने, रुची र क्षमता बढाउने, नैतिकता प्रवर्धन गर्ने, सीप र उद्यमशीलता विकास गरी उत्पादनसँग जोड्ने क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१०७. प्रदेशभित्रका विषयमा अध्ययन तथा अनुसन्धान गर्ने कार्यमा युवालाई प्रोत्साहित गर्न फेलोशीप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु।

१०८. युवा र स्काउटसम्बन्धी कार्यक्रमबिच समन्वय गरिनेछ। सीप र दक्षताको आधारमा युवा जनशक्तिको अभिलेखीकरण गरी तालिम प्रदान गर्न बजेट व्यवस्था गरेको छु।

१०९. युवा तथा खेलकुद मन्त्रालयको लागि रु.३७ करोड विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

**वन तथा वातावरण**

११०. वन स्रोतको दिगो उपयोग गर्न ५५० वटा सामुदायिक वन, ८ वटा साझेदारी वन र ४ वटा चक्ला वनमा सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु। यस कार्यक्रमबाट करिब ३० लाख क्यूफिट काठ उत्पादन हुनुका साथै १५ लाख श्रमदिन रोजगारी सिर्जना हुने विश्वास लिएको छु। यस कार्यक्रमको कार्यान्वयनका लागि बजेट व्यवस्था गरेको छु।

१११. कृषि वन कार्यक्रम मार्फत उच्च मूल्यका काठ, फलफूल तथा बहुउपयोगी र औषधिजन्य प्रजातिका बिरुवा उत्पादन, वितरण तथा वृक्षारोपण कार्यलाई विस्तार गर्न आवश्यक रकम विनियोजन गरेको छु। प्लाईउड भेनियर, लोक्ता, बेतबाँस लगायतका वनजन्य उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

११२. वन पैदावारको सहज र सरल आपूर्तिका लागि दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

११३. वन क्षेत्रभित्रका खोला खोल्सीहरूको पानीको बहावलाई व्यवस्थापन गरी भौतिक पूर्वाधार, खेतीयोग्य जमिन, गाउँ बस्ती तथा वन क्षेत्रको संरक्षण गर्न बायो इन्जिनियरिङ प्रविधिलाई प्राथमिकता दिएको छु। भू तथा जलाधार व्यवस्थापनका लागि रु.२७ करोड ५० लाख विनियोजन गरेको छु।

११४. "हरियाली सहितका सडक पूर्वाधार; सहरी सुन्दरताको आधार" भन्ने नाराका साथ ग्रामीण तथा सहरी सडकमा ग्रिन बेल्टको विकास गरी सुन्दरता अभिवृद्धि गर्न वृक्षारोपण कार्यक्रमका लागि रु.१ करोड छुट्याएको छु।

११५. हिमाली र पहाडी जिल्लामा एक जिल्ला दुई मुख्य जडिबुटी अन्तर्गत पाल्पा र अर्घाखाँचीमा तेजपात र टिमुर; रुकुम (पूर्व)मा ओखर र टिमुर; रोल्पामा टिमुर र पाषणवेद; प्युठानमा श्रीखण्ड र टिमुर तथा गुल्मीमा अगरउड र टिमुरको उत्पादन, प्रशोधन र बिस्तारका लागि रु.१ करोड ६७ लाख विनियोजन गरेको छु।

११६. आगलागी नियन्त्रण, वर्षातको पानी सङ्कलन, वनभित्रको जलचक्र सन्तुलन, विपद जोखिम न्यूनीकरण र वन्यजन्तुका लागि पानीको व्यवस्था गर्न वन क्षेत्रमा ६० वटा पुनर्भरण पोखरी तथा १५ वटा जलासय निर्माण गर्न रकम विनियोजन गरेको छु।

११७. सतिसाल, विजयसाल, श्रीखण्ड, रक्तचन्दन, चाप, महुवा जस्ता वनस्पति र गिद्ध, हुचिल, सालक, पाटेबाघ लगायत महत्वपूर्ण एवम् लोपोन्मुख प्रजातिका वन्यजन्तुको संरक्षणका लागि आवश्यक कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाएको छु।

११८. धार्मिक, साँस्कृतिक र पर्यावरणीय सन्तुलन कायम गर्न नक्षत्र बाटिका निर्माणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

११९. स्थानीय तह एवम् वन उपभोक्ता समूहसँगको सहकार्यमा डढेलो नियन्त्रण गर्न आवश्यक सञ्जाल निर्माण, औजार उपकरणको प्रबन्ध तथा सचेतनामूलक कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

१२०. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन नजिक रहेको बस्ती क्षेत्रमा घेराबार, वन्यजन्तुको बासस्थानको सुधार र व्यवस्थापन गरिनेछ। घाइते तथा असहाय वन्यजन्तुको उद्धार र उपचार गर्न उद्धार केन्द्र निर्माण गरिनेछ। यसका लागि बजेट विनियोजन गरेको छु।

१२१. सामुदायिक वनभित्रको पातपतिङ्गर संकलन गरी प्राङ्गारिक मल बनाउने र ढलापडा रुखहरूलाई डढेलोबाट बचाई राजस्व बढाउने कार्यका लागि वन कार्ययोजना स्वीकृति तथा नवीकरण गर्दा नै शर्त तोकी सामुदायिक वनको आय बढाउने व्यवस्था मिलाएको छु।

१२२. कार्बन व्यापारबाट नेपालले प्राप्त गर्ने लाभको न्यायोचित हिस्सा प्रदेशले प्राप्त गर्न नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ।

१२३. वन तथा वातावरण मन्त्रालयको लागि रु.२ अर्ब ५४ करोड विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

**खानेपानी तथा सरसफाइ**

१२४. सन् २०३० सम्म स्वच्छ खानेपानीमा सबैको पहुँच पुर्‍याउने लक्ष्य अनुरूप सेवा विस्तार गर्दै लैजाने व्यवस्था मिलाएको छु। स्वच्छ, नियमित र गुणस्तरीय खानेपानी उपलब्ध गराउन निर्माणाधीन बहुवर्षीय र क्रमागत आयोजनाहरूलाई उच्च प्राथमिकता दिई सम्पन्न हुनेगरी स्रोतको प्रबन्ध गरेको छु। खानेपानी सुरक्षा योजनामार्फत स्रोत संरक्षण, पुनर्भरण, खानेपानी गुणस्तर सुधार तथा सरसफाइका कार्यक्रमलाई प्राथमिकता दिई रकम विनियोजन गरेको छु।

१२५. "एक घरः एक धारा" को अभियान पुरा गर्न स्थानीय तहसँग सहलगानी तथा सहकार्यको माध्यमबाट खानेपानी सरसफाइ तथा स्वच्छता योजना सञ्चालन गर्न र ८० प्रतिशत भन्दा बढी भौतिक प्रगति भएका २२८ खानेपानी आयोजना सम्पन्न गर्न रु.७७ करोड ६५ लाख विनियोजन गरेको छु।

१२६. गुणस्तरीय खानेपानी सेवाको पहुँच वृद्धि गर्न र परम्परागत पानीका स्रोतहरूको संरक्षण गर्न खानेपानी गुणस्तर सुधार कार्यक्रम तथा स्रोत संरक्षण कार्यक्रमको लागि रु.१० करोड विनियोजन गरेको छु।

## व्यवस्थित ग्रामीण तथा सहरी विकास

१२७. सहर तथा बस्तीलाई गतिशील, स्वच्छ, सुरक्षित, व्यवस्थित र उत्थानशील बनाउने कार्यलाई जोड दिएको छु। पहाडबाट तराई क्षेत्रमा बढ्दो बसाइसराइ न्यूनीकरण गर्न एवम् पहाडी क्षेत्रमा छरिएर रहेको बस्तीलाई एकीकृत गर्न उपयुक्त स्थानको पहिचान गरी गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारी सहितको व्यवस्थित नमुना बस्ती विकास कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१२८. मध्यपहाडी लोकमार्ग र हुलाकी सडकको लुम्बिनी प्रदेशस्थित खण्डको सम्भावित स्थानहरूमा बस्ती विकास र सहरी योजना सहितको आर्थिक कोरिडोर विकासका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१२९. प्रदेश गौरवको आयोजनाको रूपमा रहेको प्रदेशको राजधानीमा रहेका प्रशासनिक भवन निर्माण कार्यलाई आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरी नयाँ भवनबाटै सेवा प्रवाह सुरु गर्ने व्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१३०. स्थानीय निर्माण सामग्री तथा प्रविधिको प्रयोग गरी सुरक्षित आवास निर्माण गर्न तथा परम्परागत वास्तुकला र शैलीयुक्त बस्तीको संरक्षणका लागि प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु।

१३१. स्थानीय तहसँगको सहकार्यमा विपद् र जोखिममा रहेका बस्तीको स्थानान्तरण, प्रभावित क्षेत्रमा आपत्कालिन आश्रयस्थल, विपद् पश्चात पुनःस्थापना र पुनः निर्माणका कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

१३२. प्रदेश गौरवको आयोजनाको रूपमा रहेको राप्ती नदी सभ्यतामा आधारित आधुनिक राजधानी शहरको विकासको लागि जग्गा एकीकरण कार्यलाई प्राथमिकताकासाथ अगाडि बढाउने व्यवस्था मिलाएको छु।

१३३. सहरी विकास तथा खानेपानी मन्त्रालयको लागि रु.५ अर्ब ६२ करोड विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

**स्वच्छ ऊर्जा तथा सिंचाइ**

१३४. "कृषकका गह्राः सधै हराभरा" भन्ने नारालाई आत्मसात् गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा तथा कृषिमा आत्मनिर्भरता हासिल गर्न एकीकृत सिंचाइ तथा कृषि विकास कार्यक्रमको लागि रु.२ करोड ७० लाख विनियोजन गरेको छु।

१३५. सतह, भूमिगत, लिफ्ट सिँचाइ तथा नयाँ प्रविधिको प्रयोगमार्फत थप १ हजार हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा विस्तार गर्न रु.३८ करोड छुट्याएको छु।

१३६. कृत्रिम पोखरी तथा स-साना जलासय निर्माण र पुराना ताल तथा पोखरीहरूको संरक्षणमार्फत भूमिगत जल पुनर्भरण गर्ने कार्यलाई निरन्तरता दिएको छु।

१३७. वाणगङ्गा, प्रगन्ना कुलो, मर्चवार लिफ्ट सिंचाइ प्रणाली लगायतका संयुक्त रूपमा व्यवस्थापन तथा सञ्चालनमा रहेका सिंचाइ प्रणालीको सुदृढीकरण एवम् दिगो

व्यवस्थापन र सञ्चालनका लागि रु.१७ करोड ७९ लाख विनियोजन गरेको छु।

१३८. कृषियोग्य भूमिको क्षयीकरण तथा मानव बस्ती एवम् भौतिक पूर्वाधारहरूको जोखिम न्यूनीकरण गर्न आवश्यक स्थानहरूको पहिचान गरी प्राथमिकता साथ नदी व्यस्थापन गर्दै जाने व्यवस्था मिलाएको छु। यसबाट १० कि.मि नदी तटबन्ध निर्माण भई दुई सय हेक्टर जमिन संरक्षण हुने विश्वास लिएको छु। जलजन्य विपद् व्यवस्थापनका लागि संस्थागत क्षमता वृद्धि गर्ने तथा नदी तटबन्धमा स्थानीय प्रविधिको प्रयोगलाई प्राथमिकता दिने प्रबन्ध मिलाएको छु।

१३९. लघु तथा साना जलविद्युत मर्मत, सौर्य तथा हरित ऊर्जा, बायो ग्यास, सुधारिएको चुलो जस्ता वातावरणमैत्री वैकल्पिक ऊर्जाको प्रवर्धन गर्ने कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४०. विपद्जन्य घटनाबाट सिर्जित हुनसक्ने समस्यालाई तत्कालै सम्बोधन हुनेगरी नदी नियन्त्रण, तटबन्ध निर्माण लगायत आकस्मिक कार्य गर्न तथा जलउत्पन्न प्रकोप न्यूनीकरण र व्यवस्थापन कार्यक्रमका लागि रु.३४ करोड बजेट छुट्याएको छु।

१४१. सिंचाइ र कृषिको पारस्परिक सम्बन्धलाई प्रभावकारी बनाउन कृषि-सिंचाइ समन्वयात्मक कार्यक्रम सञ्चालनका लागि बजेट छुट्याएको छु।

१४२. सामुदायिक विद्यालय, स्वास्थ्य चौकी, अस्पताल लगायतका सार्वजनिक क्षेत्रहरूमा सौर्य ऊर्जा जडान समेत समग्र ऊर्जा विकासका लागि रु.८ करोड विनियोजन गरेको छु।

१४३. लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, हरित ऊर्जा र स्वच्छ तथा नवीकरणीय ऊर्जाको प्रवर्द्धन र विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१४४. वातावरणीय स्वच्छता कायम राख्न हरित तथा नवीकरणीय ऊर्जाको प्रयोग, प्रवर्धन तथा अनुसन्धानका लागि रकम विनियोजन गरेको छु।

१४५. प्रदेश राजधानीस्थित देउखुरी उपत्यकामा मौसम केन्द्र स्थापनाका लागि आवश्यक प्रबन्ध गरेको छु।

१४६. ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको लागि रु.२ अर्ब ६८ करोड विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

**दिगो र गुणस्तरीय भौतिक पूर्वाधार**

१४७. भौतिक पूर्वाधारलाई सुरक्षित, गुणस्तरीय, दिगो र भरपर्दो बनाउदै लैजाने व्यवस्था मिलाइएको छ। स्थानीय तह र वडाका केन्द्र, पर्यटकीय स्थल, शैक्षिक संस्था, अस्पताल, कृषि तथा पशुपालनका पकेट क्षेत्र, उद्योग जस्ता क्षेत्रहरूलाई राष्ट्रिय एवम् प्रादेशिक लोकमार्गसँग आवद्ध गर्नेगरी सडक निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१४८. रणनीतिक महत्त्वका सडकको स्तरोन्नति तथा नियमित मर्मत सम्भार कार्यलाई जोड दिनुका साथै अन्तरप्रदेश समन्वय एवम् सहलगानीमा सञ्चालन हुने आयोजनालाई प्राथमिकता दिने व्यवस्था मिलाएको छु।

१४९. प्रदेश यातायात गुरुयोजना बमोजिम प्रादेशिक लोकमार्ग तथा प्रादेशिक सडकबाट आयोजना छनौट गर्न प्राथमिकता दिने व्यवस्था मिलाएको छु। सडक, सडकपुल एवम् झोलुङ्गे पुल जस्ता संरचनाको नियमित मर्मत सम्भार गरी जीवनचक्र मूल्य घटाउन आवश्यक व्यवस्था मिलाएको छु।

१५०. पाल्पा, अर्घाखाँची, प्युठान र रोल्पा जिल्ला समेट्ने प्रदेश गौरवको रुपमा रहेको रामपुर-कपुरकोट सडक आयोजना कार्यान्वयनका लागि रु.१९ करोड विनियोजन गरेको छु।

१५१. निर्माणाधीन बहुवर्षीय सडक तथा सडकपुल आयोजना कार्यान्वयनका लागि रु.१ अर्ब ५९ करोड २८ लाख विनियोजन गरेको छु।

१५२. स्थानीय तहको केन्द्रसम्म कालोपत्रे सडक पुऱ्याउने गरी स्थानीय तह पहुँचमार्ग कार्यक्रमलाई प्राथमिकतासाथ निरन्तरता दिदै १९ वटा स्थानीय तह पहुँचमार्ग निर्माणका लागि रु.३४ करोड ६० लाख विनियोजन गरेको छु।

१५३. पर्यटन क्षेत्रको विकास मार्फत ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने गरी प्रदेशका १३ वटा पर्यटन स्थल पहुँच मार्ग निर्माणका लागि रु.५ करोड ५० लाख विनियोजन गरेको छु।

१५४. नेपाल सरकारसँगको लागत साझेदारीमा सञ्चालन हुने प्युठान जिल्लाको बागदुला-दम्ति-बाहाने-खवाङ-सेउलीवाङ सडक; बर्दियाको बारबर्दिया-कतरनिया-धधवार-गुलारा-धामपुर-शक्तिनगर-जमुनिया-खैलारघाट-ठाकुरबाबा सडक; गुल्मीको तम्घास बाखेछेडा-भाडगाँउ-बाँझघाट-रातडाँडा सडक; रोल्पाको निगलपानी- जिनाबाङ कृषि सडक; सुलिचौर थवाङ सडक; अर्घाखाँचीको सन्धिखर्क-गच्छेढिकुरा-धनचौर-जुकेना-जलुके-लामाताल-चैते-रामपुर-भालुवाङ सडक; दाङको कुइरेपानी-सर्रा सडक; प्युठानको बाग्दुला मच्छी सडक; गुल्मीको गौडाकोट-जुभुङ-मजुवा सडक र नवलपरासी (ब.सु.प.) को महेशपुर-सुर्यपुरा-त्रिवेणी सडक गरी प्रदेशका नौ वटा समपुरक आयोजना कार्यन्वयनका लागि रु.९२ करोड ३४ लाख विनियोजन गरेको छु।

१५५. प्रदेशका बाह्रै वटा जिल्लाका ११४ वटा सडकहरु नियमित मर्मत सम्भारको लागि रु.१७ करोड विनियोजन गरेको छु। कालोपत्रे र अन्य गरी ४४ वटा सडक मर्मत सम्भारका लागि रु.२१ करोड ६० लाख विनियोजन गरेको छु।

१५६. "सीमाक्षेत्रको बास; प्रदेश सरकारको साथ" भन्ने मान्यताकासाथ सीमाक्षेत्रका नागरिकहरुलाई राष्ट्रिय लोकमार्ग एवम् प्रादेशिक लोकमार्गसम्मको सहज पहुँच उपलब्ध गराउन २३ वटा सीमाक्षेत्र सडक निर्माणका लागि रु.१९ करोड ५ लाख विनियोजन गरेको छु।

१५७. निर्माणाधीन १९ वटा झोलुङ्गेपुल र १२ वटा नयाँ झोलुङ्गेपुल निर्माणका लागि रु.१४ करोड ७० लाख विनियोजन गरेको छु। प्रदेश सरकारको प्राविधिक

सहयोगमा एक सय बीस मिटर भन्दा छोटा झोलुङ्गे पुल स्थानीय तहले निर्माण गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु।

१५८. सडक दुर्घटनाको जोखिम न्यूनीकरण गर्न सडकको स्तरोन्नति, मर्मत सम्भार, छेकाबार, सावधान संकेत, रिफ्लेक्टिभ साईनबोर्ड तथा खतरनाक घुम्तीहरूमा कन्भेक्स मिरर जडान लगायतका कार्य गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१५९. आगामी आर्थिक वर्षको सडक पूर्वाधार क्षेत्रको बजेट कार्यान्वयनबाट करिब २०० कि.मि.सडक कालोपत्रे, करिब ३० वटा मोटरेवल पुल, करिब २५० कि.मि. ग्राभेल सडक र १० वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न हुनेगरी भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि रु.९ अर्ब ९२ करोड विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

**शान्ति, सुरक्षा तथा विपद् व्यवस्थापन**

१६०. सुरक्षा निकाय, स्थानीय तह र सरोकारवाला निकायसँगको समन्वय तथा सहकार्यमा आत्महत्याका घटनाहरूको रोकथाम तथा न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१६१. विपद् पूर्वसूचना प्रणालीलाई व्यवस्थित गर्दै विपद् जोखिम क्षेत्रको नक्साङ्कन एवम् विपद् उद्धारका लागि आवश्यक सामग्री खरिद गर्न रकम विनियोजन गरेको छु।

१६२. विपद् प्रतिकार्यका लागि सुरक्षा निकायको क्षमता अभिवृद्धि गर्दै अन्तरनिकाय समन्वय प्रभावकारी बनाउँदै विपद् पूर्व तयारीका लागि सचेतना कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु। दुर्गम इलाकामा विपद् उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले "एक स्थानीय तह; एक हेलिप्याड" निर्माण कार्यक्रमलाई निरन्तरता दिएको छु।

१६३. सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरूलाई निःशुल्क उपचारको व्यवस्था तथा सीपमूलक तालिम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

## सूचना, सञ्चार तथा प्रविधि

१६४. साइबर सुरक्षाका लागि प्रादेशिक सूचना प्रणालीको सुदृढीकरण गर्दै लैजाने व्यवस्था मिलाइएको छ।

१६५. सञ्चार क्षेत्रको संरचनागत सुधार, पत्रकारको दुर्घटना बीमा, क्षमता विकास तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। लोक कल्याणकारी सूचना सम्प्रेषणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

**सुशासन र सार्वजनिक सेवा प्रवाह**

१६६. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन समेतको आधारमा प्रदेश सरकारको संगठन संरचना र दरबन्दीलाई पुनरावलोकन गरिनेछ।

१६७. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सुशासन प्रवर्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना, आचारसंहिता तथा मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि निजी क्षेत्र, सञ्चार माध्यम तथा नागरिकको सहभागिता बढाउदै लैजाने व्यवस्था गरेको छु।

१६८. "सेवाग्राहीसँग प्रदेश सरकार" कार्यक्रम कार्यान्वयनमार्फत मोबाइल एप्लिकेशन, टोल फ्रि सेवा, क्यु.आर.कोड जस्ता विद्युतीय माध्यमद्धारा नागरिकका गुनासो सम्बोधन गर्ने व्यवस्था मिलाइएको छ।

१६९. प्रदेश राजधानी परिसरमा कार्यरत कर्मचारीका शिशुहरूको हेरचाहका लागि शिशु स्याहार केन्द्र सञ्चालनको व्यवस्था मिलाएको छु। राप्ती उपत्यका (देउखुरी) मा रही प्रदेश सरकार मातहतका निकायमा कार्यरत कर्मचारीको कार्यालय आवागमनमा सहजताका लागि ती कर्मचारी यात्रा गर्ने रुटमा मितव्ययी तवरबाट एकीकृत परिवहन सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

१७०. प्रदेश तथा स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीलाई योगदानमा आधारित निवृत्तभरणको निमित्त कोषकट्टी गर्ने व्यवस्था मिलाएको छु। स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीलाई नेपाल सरकारसँगको समन्वयमा योगदानमा

आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउने कार्य अघि बढाउने व्यवस्था मिलाइनेछ।

१७१. प्रदेश राजधानी देउखुरीमा कामकाज गर्ने गरी खटिएका कर्मचारीलाई प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाएको छु। प्रदेशमा कार्यरत कर्मचारीलाई दिइँदै आएको आन्तरिक पर्यटन काजको व्यवस्थालाई निरन्तरता दिएको छु।

१७२. कर्मचारी तथा पदाधिकारीमा पूर्वीय दर्शनको आन्तरिकीकरण, असल अभ्यास, सकारात्मक सोंच तथा आध्यात्मिकता विकास सहितका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

१७३. प्रदेश सुशासन केन्द्रको नीतिगत, संस्थागत र संरचनागत सुधारका लागि आवश्यक रकम छुट्याएको छु। प्रदेश तथा स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीको व्यक्तिगत अभिलेख व्यवस्थापनका लागि प्रदेश निजामती किताबखाना स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१७४. प्रदेश सरकारको हक हित र सरोकार रहेको मुद्दामा हुने प्रतिनिधित्व एवम् प्रतिरक्षालाई थप प्रभावकारी बनाउन मुख्यन्यायाधिवक्ताको कार्यालयलाई सबल र सक्षम बनाउन आवश्यक प्रबन्ध मिलाएको छु। प्रदेश सरकारबाट निर्माण भएका कानुनमा आम नागरिकको सहज पहुँचका लागि ल पोर्टल तयार गरी सञ्चालनमा ल्याउने व्यवस्था गरेको छु।

१७५. तथ्य र प्रमाणमा आधारित नीति तथा कानुन निर्माण र कार्यान्वयनका लागि प्रदेशको तथ्याङ्क प्रणालीलाई प्रभावकारी, व्यवस्थित तथा गुणस्तरीय बनाउदै लैजाने व्यवस्था मिलाएको छु।

१७६. प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने जनशक्ति पदपूर्ति गर्न सक्षम हुने गरी प्रदेश लोक सेवा आयोगलाई आवश्यक बजेट विनियोजन गरेको छु। यसबाट प्रदेश र स्थानीय तहका लागि जनशक्ति व्यवस्थापन भई सेवा प्रवाह र विकास निर्माण कार्य थप प्रभावकारी हुने विश्वास लिएको छु। ।

१७७. जिल्ला समन्वय समितिहरूबाट हुने अनुगमन प्रक्रियालाई थप प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

## सार्वजनिक वित्त र आयोजना व्यवस्थापन

१७८. बजेट कार्यान्वयन क्षमता सुधार गरी पुँजीगत खर्च बढाउन विषयगत मन्त्रालयलाई थप जिम्मेवार बनाउदै उपलब्धिप्रति आयोजना प्रमुख र निर्माण व्यवसायीलाई समेत जवाफदेही बनाउने गरी आवश्यक कानुनी व्यवस्था गर्ने कार्य अघि बढाउने प्रबन्ध गरेको छु।

१७९. प्रदेश सरकारको लगानीमा निर्माण भई प्रयोगमा नआएका वा न्यून उपयोग भएका पूर्वाधारलाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१८०. निर्माणजन्य प्राकृतिक स्रोतको आपूर्ति सहज बनाउन पहिचान गरिएका स्थानबाट त्यस्ता सामग्री निकाल्न समयमै वातावरणीय अध्ययनको कार्य सम्पन्न गर्ने र

निर्माण सामग्रीको कमी हुन नदिने गरी सहज आपूर्तिको लागि स्थानीय तहसँग समन्वय र सहकार्यको गर्ने व्यवस्था मिलाएको छु।

१८१. आयोजनाको छनौटलाई वस्तुनिष्ट र अनुमानयोग्य बनाउन प्रदेश आयोजना बैङ्क कार्यान्वयनमा ल्याउने व्यवस्था गरेको छु।

१८२. विस्तृत सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति, वनक्षेत्रको स्वीकृति लगायत तयारी पुरा भएका आयोजनालाई ठेक्का प्रक्रियामा लैजाने प्रबन्ध गरेको छु।

१८३. क्षेत्रगत सन्तुलन कायम गर्दै रणनीतिक महत्वका, छिटो प्रतिफल दिने र बहुसङ्ख्यक नागरिकले लाभ प्राप्त गर्ने आयोजनालाई प्राथमिकता दिई बजेट विनियोजन गरेको छु।

## सार्वजनिक खर्चमा मितव्ययिता तथा आर्थिक अनुशासन

१८४. लक्षित वर्गमा पुऱ्याउन र दोहोरोपना हटाउने गरी उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१८५. आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाई खर्चमा मितव्ययिता कायम गरिनेछ। वित्तीय तथा आर्थिक अनुशासन कायम गरी आर्थिक कारोबारलाई पारदर्शी बनाई बेरुजु न्यूनीकरण गर्दै लैजाने व्यवस्था मिलाएको छु।

१८६. स्थानीय तहमा वित्तीय हस्तान्तरणमार्फत विनियोजन भएको बजेटबाट कार्यान्वयन हुने आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्राप्त गर्ने प्रणालीको विकास गरी कार्य प्रगतिको आधारमा निकासा दिने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

१८७. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८८. आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम बमोजिम प्रदेश सरकारका निकायबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यान्वयन र अनिवार्य दायित्व भुक्तानीका लागि प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम रु.३८ अर्ब ८९ करोड ९४ लाख ७२ हजार र प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम रु.१ करोड ५ लाख २८ हजार विनियोजन गरेको छु।

१८९. आगामी आर्थिक वर्षका लागि कुल खर्च रु.३८ अर्ब ९१ करोड विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रु.१२ अर्ब १ करोड ४७ लाख ८६ हजार अर्थात् ३०.८८ प्रतिशत र पुँजीगततर्फ रु.२३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६०.३२ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ रु.३ अर्ब ४२ करोड ३७ लाख ४९ हजार अर्थात् ८.८० प्रतिशत रहेको छ।

१९०. आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु.७ अर्ब ७८ करोड ४ लाख , नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट रु.११ अर्ब ८६ करोड ५६ लाख, नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रु.४१ करोड ५० लाख, स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने राजस्व रु.२ अर्ब ८२ करोड ९० लाख हुने अनुमान गरेको छु। त्यस्तै गरी नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु.८

अर्ब ४४ करोड ४४ लाख, सशर्त अनुदानबाट रु.४ अर्ब ६६ करोड १५ लाख, समपुरक अनुदानबाट रु.५१ करोड ४० लाख, विशेष अनुदानबाट रु.४० करोड, चालु आर्थिक वर्षको नगद मौज्दातबाट रु.२ अर्ब परिचालन हुने अनुमान गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०८२/८३ को राजस्व नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९१. निरन्तर बढिरहेको सार्वजनिक खर्च व्यवस्थापनको लागि प्रदेशको आन्तरिक राजस्व सङ्कलन वृद्धि गर्न आवश्यक छ। राजस्व कानुनमा समसामयिक सुधार, अन्तरतह समन्वय, राजस्व प्रशासनमा व्यवसायिकता विकास, कानुन परिपालनामा सुधार, सुचनाप्रविधिको प्रयोग र चुहावट नियन्त्रण गर्दै राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन राजस्व नीतिका उद्देश्य देहायबमोजिम तय गरेको छुः

(क) राजस्व प्रणालीमा सुधार गर्दै दायरा फराकिलो बनाउने,

(ख) प्रदेश कर कानुनमा समय सापेक्ष सुधार गर्ने,

(ग) स्वचालित, पारदर्शी, प्रविधिमैत्री र करदातामैत्री राजस्व प्रणालीको विकास गर्दै स्वेच्छिक कर सहभागिता बढाउने,

(घ) दिगो उपयोग हुने गरी प्राकृतिक स्रोतको परिचालन गर्ने,

(ङ) अन्तरतह तथा निकायगत समन्वय सुदृढ गर्दै राजस्व चुहावट नियन्त्रण गर्ने,

(च) राजस्व प्रशासनको दक्षता र व्यवसायिकता अभिवृद्धि गर्ने।

**राजस्व परिचालनको नीति तथा कार्यक्रम**

१९२. आन्तरिक आयको आधारलाई सुदृढ बनाउन राजस्व सुधार सुझाव कार्यदलले दिएका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। करका दरलाई अन्य प्रदेशको दरसँग समेत सामञ्जस्यता कायम गरी राजस्वको दायरा विस्तार गरिनेछ। राजस्व सुधार कार्ययोजना तर्जुमा गरी राजस्व सङ्कलनलाई प्रभावकारी बनाइनेछ।

१९३. राजस्व प्रणालीलाई प्रविधिमैत्री, स्वचालित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ।

१९४. आन्तरिक राजस्व परिचालनलाई अभिवृद्धि गर्न विद्यमान करका दरहरूमा पुनरावलोकन गर्नुका साथै नयाँ क्षेत्र विस्तार गरेको छु।

१९५. सवारी साधन सम्बन्धी कर, शुल्क तथा दस्तुरलाई समसमायिक बनाएको छु। सवारी तथा सवारी चालकबाट असुल गरिएको दण्ड जरिबाना बापतको रकम प्रदेश सञ्चित कोषमा दाखिला हुने व्यवस्था मिलाइनेछ।

१९६. प्रदेशभित्र प्लाष्टिकजन्य सामग्री उपभोगलाई निरुत्साहित गर्न यस्ता वस्तुहरुको प्रयोगमा वातावरणीय सेवा शुल्क लगाउने व्यवस्था गरेको छु।

१९७. कानुन बमोजिम तोकिएको समयभित्र नवीकरण नभएका सवारी साधन संवत् २०८२ पुस मसान्तसम्म नवीकरण हुन आएमा लाग्ने कर लिई जरिबानाको पचहत्तर प्रतिशत छुट गर्ने व्यवस्था मिलाएको छु।

१९८. प्रचलित कानुनबमोजिम सञ्चालन अनुमति लिनुपर्ने बाहेक नवीकरण नगरी सञ्चालनमा रहेका वा दर्ता भई सञ्चालनमा नरहेका अन्य प्राइभेट तथा साझेदारी फर्मले संम्वत २०८२ पौष मसान्तभित्र नवीकरण वा नियमानुसार खारेज गर्न आवेदन दिएमा लाग्ने शुल्क लिई जरिबाना रकममा पचहत्तर प्रतिशत छुट दिने व्यवस्था गरेको छु।

१९९. आर्थिक वर्ष २०८२/८३ मा दर्ता हुने लघु, घरेलु तथा साना उद्योगलाई प्रचलित कानुन बमोजिम लाग्ने दर्ता शुल्कको पचास प्रतिशत छुट दिई दर्ता गर्ने व्यवस्था गरेको छु।

२००. वन क्षेत्रलाई राजस्व वृद्धि र प्रदेश समृद्धिको प्रमुख आधारको रूपमा उपयोग र व्यवस्थापन गरिनेछ। वनक्षेत्र भित्रको निर्माणजन्य सामग्रीको व्यवस्थापनलाई प्रभावकारी बनाई प्रदेशको राजस्व वृद्धि गर्न आवश्यक नीतिगत र कानुन परिमार्जन गर्ने व्यवस्था मिलाएको छु।

२०१. सामुदायिक वन उपभोक्ता समूहको वार्षिक रु.२ लाख सम्मको आम्दानीमा एक प्रतिशत, रु.२ लाख भन्दा बढीको आम्दानीमा आफ्ना समूहको सदस्यहरुबाट प्राप्त भएमा पाँच प्रतिशत र समूह बाहिरबाट प्राप्त भएमा पच्चिस प्रतिशतले हुने सेवा शुल्क प्रदेश सञ्चित कोषमा दाखिला हुने व्यवस्था मिलाएको छु।

२०२. सङ्घीयताको मर्म बमोजिम प्रदेशले पाउनुपर्ने अनुदान, बाँडफाँटबाट प्राप्त हुने राजस्व र रोयल्टीलाई न्यायोचित बनाउन नेपाल सरकारसँग समन्वय गरिनेछ।

२०३. प्रदेशका रणनीतिक महत्वका आयोजनाहरुको लागि आवश्यक स्रोत प्रबन्ध गर्न मिश्रित, हरित जस्ता बैकल्पिक विकास वित्त एवम् ऋण परिचालन गर्ने प्रक्रिया आगाडि बढाइनेछ।

**माननीय सभामुख महोदय,**

२०४. आर्थिक वर्ष २०८०/८१ को यथार्थ खर्च, आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान र आर्थिक वर्ष २०८२/८३ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान साथै पेश गरेको छु। अनुमानित आय-व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु।

२०५. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनबाट पुंजीगत खर्च परिचालनमा गुणात्मक सुधार हुने र सार्वजनिक वित्त प्रणाली थप चुस्त भई खर्चको प्रभावकारिता बढ्ने अपेक्षा गरेको छु। बजेटमा प्रस्ताव गरेको राजस्व सम्बन्धी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट राजस्वको आधार तथा दायरा विस्तार भई प्रदेशको आन्तरिक राजस्व परिचालन थप सुदृढ हुँदै जाने विश्वास लिएको छु।

२०६. प्रस्तुत बजेट कार्यान्वयनबाट प्रदेशको अर्थतन्त्रमा गतिशीलता आउने र उत्पादन वृद्धि तथा रोजगारी सिर्जना हुन गई दिगो, फराकिलो एवम् समावेशी आर्थिक

वृद्धि हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छु। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह एवम् निजी क्षेत्रको लगानी समेतबाट आगामी आर्थिक वर्ष लुम्बिनी प्रदेशको आर्थिक वृद्धि ६.५ प्रतिशत हुने अनुमान गरेको छु।

२०७. बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरूप्रति आभार व्यक्त गर्दछु। विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता छलफलका क्रममा माननीय सदस्यहरूबाट प्राप्त सुझावप्रति कृतज्ञता ज्ञापन गर्दछु। बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, विभिन्न क्षेत्रका विज्ञ, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, सञ्चार क्षेत्र, नागरिक समाज लगायत सरोकारवाला सबैप्रति हार्दिक धन्यवाद दिन्छु।

२०८. प्रस्तुत बजेटले आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमार्फत लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजनाले लिएको समृद्ध लुम्बिनीः खुसी नागरिकको सोचलाई साकार पार्न सघाउ पुग्ने विश्वास लिएको छु। समुन्नत लुम्बिनी प्रदेश निर्माण गर्ने ध्येयकासाथ तयार गरिएको यो बजेट कार्यान्वयनमा सम्बन्धित सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु।

धन्यवाद।